# नेपालको जनगणना २०५८ का सूचकहरू
# तथा
# प्रवाह नक्शाङ्कन




ICIMOD

CBS/HMGN

SNV

# संस्थाहरूको जानकारी

## अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) एक स्वतन्त्र पर्वतीय अध्ययन तथा ज्ञानको केन्द्र हो । यस संस्थाले हिन्दू कुश-हिमालय क्षेत्रका आठ राष्ट्रहरु (अफ्गानिस्तान , बङ्गलादेश , भुटान , चीन , भारत , म्यानमार , नेपाल र पाकिस्तान ) र विश्वभरीको पर्वतीय समुदायलाई सेवा प्रदान गरिरहेको छ । वि.सं २०३९ (सन् १९८३) मा स्थापना भएको इसिमोडको प्रधान कार्यालय काठमाण्डौ, नेपालमा अवस्थित छ । यस संस्थाले आफ्ना क्षेत्रीय सदस्य राष्ट्रहरु, साझेदार संस्थाहरु र दाता राष्ट्रहरुलाई विकास क्रियाकलापहरुका लागि प्रतिबद्ध भई हिन्दू कुश-हिमालय क्षेत्रको भविष्य सुरक्षित राख्न एउटै साझेदारीमा ल्याउने गर्दछ । यस केन्द्रको प्रमुख उद्देश्य आर्थिक तथा वातावरणीय हिसाबले सुदृढ पर्वतीय पारिस्थितिक प्रणाली (ecosystem) को विकासका लागि प्रवर्द्धन गर्नु र पर्वतीय जनसमुदायको जीवनस्तरमा सुधार गर्नु हो । पर्वतीय वातावरण र प्राकृतिक स्रोतसाधन सूचना प्रणाली (MENRIS), सूचना तथा ज्ञान व्यवस्थापन (IKM) कार्यक्रमको एक अङ्ग हो । यस प्रणालीले हिन्दू कुश-हिमालय क्षेत्रको नाभि (hub) को रुपमा इसिमोड र यसका साझेदार संस्थाहरुमा भू-सूचना प्रविधी (Geo-IT) को प्रबर्द्धन गर्दै साथै दीगो पर्वतीय विकास गर्न निर्णय तथा योजना तर्जुमा प्रक्रियामा सुधार गर्ने उद्देश्यका लागि पर्वत केन्द्रीत समस्याहरुमा उक्त भू-सूचना प्रविधी लागू गर्ने क्षमतामा सुदृढीकरण गर्दै सेवा प्रदान गर्दै आएको छ ।

## केन्द्रीय तथ्याङ्क विभाग (के.त.वि.)

केन्द्रीय तथ्याङ्क विभाग श्री ५ को सरकार, राष्ट्रिय योजना आयोगको सचिवालय अन्तर्गतको एक सरकारी निकाय हो । सरकारको आवश्यकता अनुरुप विकास कार्य गर्न र नीति तथा योजना निर्माण गर्न विभि किसिमका सामाजिक-आर्थिक तथ्याङ्क तयार पार्ने आधिकारिक निकाय केन्द्रीय तथ्याङ्क विभाग हो । यस विभागले वि.सं. १९६८ देखि करीब १०-१० वर्षमा जनगणना, वि.सं.२०१८ देखि प्रत्येक १०-१० वर्षमा कृषि गणना, वि.सं. २०२२ देखि करीब ५-५ वर्षमा औद्योगिक गणना सञ्चालन गर्दै आईरहेको छ । यसका साथै यस विभागले नेपाल जीवनस्तर सर्वेक्षण (NLSS), नेपाल श्रमशक्ति सर्वेक्षण (NLFS), नेपाल बहु सूचक सर्वेक्षण (NMIS) जस्ता विभि तथ्याङ्कीय सर्वेक्षणहरु पनि संचालन गर्दै आएको छ ।

## नेदरल्याण्ड विकास नियोग-नेपाल

नेदरल्याण्ड विकास नियोग-नेपालको लक्ष्य गरिबी निवारण गर्न र सुशासनमा सुधार ल्याउन मध्यम-स्तरका संघ-संस्थाहरु तथा स्थानीय निकायहरुको क्षमता विकास गर्नु हो । नेदरल्याण्ड विकास नियोग-नेपालले आफै विकास आयोजनाहरु लागू गर्दैन, बरु यस्ता आयोजनाहरु संचालनका लागि स्थानीय संघ-संस्थाहरु तथा सरकारी निकायहरु मार्फत् कार्य गर्दछ । नेपालमा यस संगठनले बढी सहयोग आवश्यक पर्ने क्षेत्रहरु पहिचान गर्न यसका साझेदारहरु संगसंगै काम गर्दै नेपाली साझेदार संस्थाहरुको क्षमता सुदृढीकरण गर्न व्यवस्थापकीय विशेषज्ञता तथा परामर्श सेवा प्रदान गर्दछ । यसका साथै आृना साझेदार संस्थाहरुलाई आवश्यक पर्ने सहयोग रकम जुटाउन यस संगठनले सहजकर्ताको भूमिका पनि निर्वाह गर्ने गरेको छ । नेदरल्याण्ड विकास नियोग-नेपालले समाजमा मध्यम-स्तरका संघ-संस्थाहरुको क्षमता सुदृढीकरणलाई केन्द्रीत गर्दै समुदायहरुमा गरिबीका समस्याहरु र राष्ट्रिय तहमा सरकारी नीतिहरु बीचको राम्रो सम्पर्क कायम गर्न चाहन्छ । यो संगठन अन्य विकास संगठनहरुसित दीगो सहयोग तथा समन्वय गर्ने प्रयासका लागि प्रतिवद्ध छ । यस्तै किसिमले समस्याहरु विभिन्न तहमा एकै साथ तथा एकीकृत ढङ्गबाट हेरिनु पर्दछ भन्ने कुरामा यो संगठन विश्वास गर्दछ ।

# नेपालको जनगणना २०५८ का सूचकहरू
# तथा
# प्रवाह नक्शाङ्कन


**अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र** (ICIMOD):

**पर्वतीय वातावरण र प्राकृतिक स्रोतसाधन सूचना प्रणाली** (MENRIS)

**केन्द्रीय तथ्याङ्क विभाग (के.त.वि.)**

**कार्तिक २०६१**

This book was originally published in English in
2003 as **'Mapping Nepal Census Indicators 2001 and Trends'**
ISBN 92 9115 782 1

**प्रकाशन अधिकार © २००८**
अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र
केन्द्रीय तथ्याङ्क विभाग
सर्वाधिकार सुरक्षित

**प्रकाशक**
अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र
जि.पि.ओ. बक्स ३२२६
काठमाण्डौ, नेपाल

**ISBN 92-9115-913-1**

**पुस्तक चित्रण**
तस्वीरहरू: क. जज् मर्ज, ख. प्रदिप तुलाचन घ. इसिमोड फाइल
च. शंभु मानन्धर ज. जिनेट डि. गुरुङ्ग
रेखाचित्रहरू: ग, ङ, छ सबै आशाकाजी थकू, इसिमोड/इम्को

**मुद्रण**
हिल साईड प्रेस (प्रा.) लिमिटेड
काठमाण्डौ, नेपाल

The views and interpretations in this paper are those of the contributor(s). They are not attributable to the International Centre for Integrated Mountain Development (ICIMOD) or Central Bureau of Statistics (CBS) and do not imply the expression of any opinion concerning the legal status of any country, territory, city or area of its authorities, or concerning the delimitation of its frontiers or boundaries.

# अध्ययन टोली

**अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र**

बसन्त श्रेष्ठ, महाशाखा प्रमुख, मेनरिस
सुशिल प्रधान, भौगोलिक सूचना प्रणाली विज्ञ
वीरेन्द्र बज्राचार्य, भौगोलिक सूचना प्रणाली विज्ञ
गौरी शंकर डंगोल, ग्राफिक्स तथा मल्टिमिडिया डिजाइनर

**केन्द्रीय तथ्याङ्क विभाग**

रवि प्रसाद कायस्थ, उपनिर्देशक
महेश चन्द प्रधान, तथ्याङ्क अधिकृत

# अनुवाद टोली

**अनुवाद सम्पादन**
रवि प्रसाद कायस्थ, उपनिर्देशक

**अनुवादकहरू**
महेश चन्द प्रधान, तथ्याङ्क अधिकृत
शैलेन्द्र घिमिरे, तथ्याङ्क अधिकृत

# प्राक्कथन

दीगो निर्णयका लागि सूचनासम्म पहूँच साँचो यथार्थ हो । विशेष गरी सामाजिक-आर्थिक सूचनाले विकास योजनामा अति महत्वपूर्ण भूमिका निभाएको हुन्छ । देशको सामाजिक-आर्थिक अवस्था र विगत समयदेखि यसमा भएका परिवर्तनहरूलाई रीतपूर्वक संकलन तथा तयार गरिएको सूचना र तथ्याङ्कहरूको आधारमा नियमित अध्ययनबाट मात्र मूल्याङ्कन गर्न सकिन्छ । यस प्रकृयाले वर्तमान अवस्थाको मूल्याङ्कनका लागि प्रगति अनुगमन तथा भविष्यको कार्यहरूलाई निर्देशित गर्नका लागि आधार प्रदान गर्दछ ।

नेपालमा प्रत्येक दश-दश वर्षमा संचालन गरिने राष्ट्रिय जनगणनाहरूद्वारा नै सामाजिक-आर्थिक सूचनाहरू संकलन गरिँदै आएको छ । श्री ५ को सरकार, राष्ट्रिय योजना आयोगको सचिवालय अन्तर्गतको केन्द्रीय तथ्याङ्क विभाग, देशको आवश्यकता अनुरुप नीतिहरू तर्जुमा गर्न र योजना निर्माण तथा विकास कार्यक्रम लागू गर्नको लागि आवश्यक पर्ने सामाजिक-आर्थिक तथ्याङ्क संकलन, प्रशोधन र प्रसार गर्ने एक आधिकारीक सरकारी निकाय हो । केन्द्रीय तथ्याङ्क विभागले वि.सं. २०५८ मा दशौं राष्ट्रिय जनगणना संचालन गरेको थियो । उक्त जनगणनामा लैंगिक सवालहरू, आम संचारमा पहूँच तथा जनगणना सचेतना फैलाउँदै अझ महिला, बालबालिका र अपाङ्ग सम्बन्धी विवरण संकलनमा ध्यान दिइएको थियो ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD) ले विशेष गरी यसका साझेदारहरू, नीति निर्माताहरू र विकासकर्मीहरूका लागि पर्वतीय सूचना तथा ज्ञानमा पहूँच पुऱ्याई यसलाई उपयोगी बनाएर पर्वत सम्बन्धी सूचना तथा ज्ञान केन्द्रको रुपमा सेवा गर्दै आएको छ । यसैको एक भागको रुपमा ICIMOD ले समग्र सूचना पूर्वाधार सुधार्नुका साथसाथै सूचनाहरूलाई स्थानीय, राष्ट्रिय र क्षेत्रीय-तहसम्म प्रस्तुत गर्न सामान्यत: सूचना प्रणालीमा विशेष गरी भौगोलिक सूचना प्रणाली (GIS) को प्रयोगमा ध्यान केन्द्रीत गर्दै आएको छ । भौगोलिक सूचना प्रणाली जस्ता प्रविधीहरूले कम लागतमा सूचनाहरू संकलन गर्न, अद्यावधिक गर्न, एकीकृत गर्न, नक्शाङ्कन गर्न र सजिलोसंग यसको आदान-प्रदान गर्न सक्षम बनाउँछ । समग्रमा नयाँ पुस्ताका बैज्ञानिक उपकरणहरूले सूचना र तथ्याङ्कहरूलाई प्रस्तुत गर्ने उपायहरू उपलब्ध गराएको छ, जस्ले ती सूचनाहरूलाई सजिलैसंग बुझ्न सक्ने बनाउनुका साथै ती उपकरणहरू वास्तविक नीति तर्जुमाका लागि सान्दर्भिक पनि भएका छन् ।

हालका दिनहरूमा ICIMOD ले योजना तथा नीति निर्माण प्रक्रियामा सामाजिक-आर्थिक तथ्याङ्कहरूलाई एकीकृत गर्न सरल होस्, भनेर यस प्रकारको तथ्याङ्कहरूलाई व्यवस्थित गर्न र सम्बन्धित पक्षको प्रयोगका लागि प्रस्तुत गर्न सुधारका उपायहरू खोज्न शुरु गरेको छ । यस केन्द्रले भौगोलिक सूचना प्रणालीको प्रयोगद्वारा जिल्ला तथा क्षेत्रीय-तहमा सामाजिक-आर्थिक सूचकहरूको प्रयोग होस् भनी त्यस्ता सूचकहरूको विकास गर्न तथा प्रस्तुत गर्न यस क्षेत्रमा केन्द्रीय तथ्याङ्क विभागसंग साझेदारी अघि बढाउन शुरु गरेको छ । प्रस्तुत अध्ययन केन्द्रीय तथ्याङ्क विभाग र ICIMOD बीचको फलदायी सहकार्यको परिणाम हो । यस अध्ययनको प्रमुख उद्देश्य सामाजिक-आर्थिक सूचकहरूको जिल्लास्तरमा नक्शाङ्कन गरी नीति निर्माताहरू, विकासकर्मीहरू र सम्बन्धित सबैका लागि सहयोग होस् भनेर विगतको र हालको जनगणनाहरूबाट आएको तथ्याङ्क प्रयोग गरी सामाजिक-आर्थिक सूचकहरूको मानचित्रावली (Atlas) बनाउनु थियो । यसका अतिरिक्त चारवटा क्रमागत जनगणनाहरूमा आधारित प्रवाह विश्लेषणले चालिस वर्षको अवधिमा भएको परिवर्तनलाई दृश्यावलोकन गर्ने र बुझ्ने तरीका प्रदान गरेको छ । प्रस्तुत पुस्तक सँगसँगै सहायक सामग्रीको रुपमा तयार भएको Multimedia CD-ROM ले प्रयोगकर्ताहरूलाई आफ्नो तरीकाले आफूले चाहे जस्ता सूचक बनाउन, ती सूचकहरूको रेखा चित्रण गर्न, तथ्याङ्क प्रस्तुत गर्न र भौगोलिक सूचना प्रणालीको सामान्य विधिहरू प्रयोग गरी ती सूचकहरूलाई नक्शाङ्कन गर्न लचिलो र बहुपक्षीय तरीकाहरू प्रदान गर्दछ । अझ भन्ने हो भने, CD-ROM को प्रयोगले विभिन्न सूचकहरूको विषयगत विभिन्न-तह (GIS Layers) का नक्शाहरूलाई एक माथि अर्को राखी (अर्थात् overlay गरी) प्रयोगकर्ताहरूलाई ती सूचकहरूको जटिल भौगोलिक सम्बन्धलाई दृश्यावलोकन गर्न सम्भव बनाई दिन्छ ।

प्रस्तुत अध्ययनमा आवश्यक पर्ने स्रोतसाधनको केही भाग उपलब्ध गराई यस महत्वपूर्ण प्रयासका लागि सहयोग पुऱ्याएकोमा हामी नेदरल्याण्ड विकास नियोग-नेपाल प्रति कृतज्ञता जाहेर गर्छौं । यस्तै प्रस्तुत अध्ययनमा धेरै राम्रो प्रयत्न गरी यस पुस्तकलाई फलदायी बनाएकोमा हामी संयुक्त अध्ययन टोलीको पनि हार्दिक प्रशंसा गर्दछौं । जिल्ला तथा राष्ट्रिय-स्तरमा नीति निर्माण, योजना तर्जुमा गर्न र विकास कार्यक्रम निर्माताहरू जसलाई आफ्नो कार्यमा सामाजिक-आर्थिक सूचकहरूको आवश्यकता पर्दछ, तिनीहरूका लागि यो पुस्तक उपयोगी सिद्ध होला भन्ने हामी आशा गर्दछौं । साथै, यो प्रकाशन विकासकर्मीहरू, अनुसन्धानकर्ताहरू र विद्यार्थीहरूलाई पनि उपयोगी हुनेछ भन्ने हामीले आशा लिएका छौं । हामी यस पुस्तकको बारेमा टीका-टिप्पणी एवं पृष्ठपोषण गरी सहयोग गरी दिनु हुन पनि प्रयोगकर्ताहरूलाई अनुरोध गर्दछौं, जसले हामीलाई यस प्रकाशनको आगामी संस्करणहरूमा सुधार गर्नका लागि सहयोग पुग्नेछ ।


विनायक भद्रा
कार्यक्रम निर्देशक
अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र

तुङ्ग शिरोमणि बास्तोला
महानिर्देशक
केन्द्रीय तथ्याङ्क विभाग

यान् डे वीट्टे
राष्ट्रिय निर्देशक
नेदरल्याण्ड विकास नियोग-नेपाल

# आभार

केन्द्रीय तथ्याङ्क विभागका भूतपूर्व महानिर्देशक डा. एस.एम.एन. सुभानीलाई यो अध्ययन समूह हार्दिक धन्यवाद दिन चाहन्छ, जसले नीति योजना तर्जुमा गर्नका लागि पछिल्लो जनगणनाको तथ्याङ्कलाई कम्प्युटराइज्ड भौगोलिक सूचना प्रणालीको विधिहरू उपयोग गरी उपयोगकर्ताहरूका लागि प्रस्तुत गर्नका लागि केन्द्रीय तथ्याङ्क विभाग (के.त.वि.) र ICIMOD बीच सहकार्य गर्ने चासो राख्नुका साथै उक्त संयुक्त कार्यको थालनी गर्न सूत्रपात गर्नु भएको थियो । उहाँसंग शुरुवात्मा भएका छलफलद्वारा नै के.त.वि. र ICIMOD बीच संयुक्त सहयोग तथा सहकार्य र यस संयुक्त अध्ययनका लागि कार्य प्रारम्भ भएको थियो । हामी डा. महेश बाँस्कोटालाई पनि हार्दिक कृतज्ञता जाहेर गर्न चाहन्छौं, जसले यस कार्यमा मार्ग निर्देशन र उत्साह प्रदान गर्नु भएको थियो । विशेष गरी यस अध्ययनमा नेदरल्याण्ड विकास नियोग-नेपालको चासोलाई ब्युँताउन उहाँको प्रयास विशेष प्रशंसनीय रह्यो । हामी विशेष गरी राष्ट्रिय निर्देशक श्री यान् डे वीट्टे र सुशासन क्षेत्रका मेनेजर श्री अरुण अधिकारीलाई हार्दिक धन्यवाद दिन चाहन्छौं, जसले यस वर्तमान अध्ययनका लागि के.त.वि. र ICIMOD बीचको सहकार्यमा सहयोग र चासो राख्नु भएको थियो । के.त.वि.का बर्तमान महानिर्देशक श्री तुङ्ग शिरोमणि बास्तोला प्रति विशेष कृतज्ञता प्रकट गर्दछौं, जसले यस अध्ययनमा विचारयुक्त टिप्पणी प्रदान गर्नु भई यस प्रकाशनको पाण्डुलिपिको समीक्षा गर्नु भएको थियो । यस्तै यस अध्ययन कार्यमा सहयोग र उत्साह प्रदान गर्नु हुने के.त.वि. जनगणना शाखाका उपनिर्देशक श्री राधाकृष्ण जि.सी., यस अध्ययनमा मद्दत पुग्ने विचारहरू र मार्ग निर्देशन प्रदान गर्नु हुने डा. हर्क गुरुङ्ग, यस्तै यस कार्यमा सहयोग र सहकार्यका लागि उत्साहपूर्ण जिज्ञासा राखी महत्वपूर्ण टिप्पणी प्रदान गरी सहयोग गर्नु हुने ICIMOD का डा. कमल बाँस्कोटालाई पनि विशेष धन्यवाद दिन चाहन्छौं । यस्तै यस पुस्तक तयार गर्ने कार्यमा विभिन्न प्रकारबाट सहयोग प्रदान गर्नु हुने व्यक्तिहरू तथा संस्थाहरू विशेष गरी के.त.वि. र ICIMOD का कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छौं जसले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आ-आनो क्षेत्रबाट सहयोग प्रदान गर्नु भएको थियो र उहाँहरूको मद्दत विना यो कार्य संभव पनि हुने थिएन होला । यस पुस्तक (अंग्रेजी संस्करण) को सम्पादन क्रममा यसको पाण्डुलिपि अध्ययन गरी परिमार्जनका निम्ति आवश्यक परामर्शका साथै यस पुस्तकको समग्र प्रस्तुतीमा योगदान पुऱ्याउनु हुने डा. इशावेला बासिग्नाना खड्का, डा. ए. बेट्रिस मुर्रेलाई पनि हार्दिक आभार प्रकट गर्न चाहन्छौं । अन्तमा यस पुस्तकको नेपाली अनुवाद सम्पादनमा सहयोग पुऱ्याउनु हुने के.त.वि. का कम्प्युटर सहायकहरू श्री डोल नारायण श्रेष्ठ र श्री सुरेश कायस्थलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छौं ।

# विषय-सूची


**प्राक्कथन**

**आभार**

**खण्ड एकः परिचय** १

**परिचय** ३

**तथ्याङ्कका श्रोतहरू** ४

**नेपालको क्षेत्रफल** ४

**नेपालको जनगणना** ४

**राष्ट्रिय जनगणना २०५८** ५

प्रमुख विशेषताहरू ५

प्रश्नावलीहरू ५

अवधारणा तथा परिभाषा ६

जनगणनाको संचालन ८

जनगणना तथ्याङ्कको सीमा ९

**जनगणना (र अन्य स्रोत) का आँकडालाई सूचकहरूको रुपमा नक्शामा प्रस्तुतीकरण** १०

विधि १०

सीमा १०

पुस्तकको प्रस्तुति ११

**सन्दर्भ सामग्री** ११

**खण्ड दुई - जनगणना २०५८ का सूचकहरू** १५

**खण्ड तीन - प्रवाह सूचकहरू** २४५

**परिशिष्टः नेपाल - एक सामान्य जानकारी** ३२३

**ब्याक पकेट**


**पुस्तकको पछाडि खल्तीमा जिल्लाहरुको सिमाना र नाम भएको नेपालको पारदर्शी नक्शा राखिएको छ, जुन अरु नक्शाहरुमा खप्ट्याएर प्रयोग गर्न सकिन्छ ।**

# नक्शा - सूची

## खण्ड एक - परिचय


नेपालको नक्शा २
नेपालको प्रशासनिक नक्शा १३


## खण्ड दुई - जनगणना २०५८ का सूचकहरू

### क. जनसंख्या


१. जनसंख्या वितरण १९
२. जनसंख्याको अनुपातिक वितरण २१
३. जनघनत्व २३
४. औसत वार्षिक जनसंख्या बृद्धिदर २५
५. परिवार संख्या वितरण २७
६. परिवारको औसत आकार २९
७. पुरुष-महिला अनुपात ३१
८. बालबालिका-महिला अनुपात ३३
९. कूल आश्रितहरुको अनुपात ३५
१०. बालबालिका आश्रित अनुपात ३७
११. बालिका आश्रित अनुपात ३९
१२. बालक आश्रित अनुपात ४१
१३. बृद्ध-बृद्धाहरुको आश्रित अनुपात ४३
१४. ७५ वर्ष र सो उमेर भन्दा माथिका बृद्ध-बृद्धाहरुको अनुपात ४५
१५. ७५ वर्ष र सो उमेर भन्दा माथिका बृद्धहरुको अनुपात ४७
१६. ७५ वर्ष र सो उमेर भन्दा माथिका बृद्धाहरुको अनुपात ४९
१७. पुरुषहरुको विवाहगर्ने सरदर उमेर ५१
१८. महिलाहरुको विवाहगर्ने सरदर उमेर ५३
१९. शहरी जनघनत्व ५५

२०. जिल्लागत शहरी क्षेत्रफलको अनुपात ५७
२१. शहरी जनसंख्या र जिल्लाको जनसंख्याको अनुपात ५९
२२. शहरी जनसंख्याको अनुपातिक वितरण ६१
२३. शहरी पुरुष-महिला अनुपात ६३
२४. ग्रामीण जनघनत्व ६५
२५. अनुपस्थित जनसंख्या (देश बाहिर गएका) ६७
२६. अनुपस्थित जनसंख्याको गन्तव्य अनुसार अनुपातिक वितरण ७१
२७. धर्म अनुसार जनसंख्याको अनुपातिक वितरण ७५

**ख) आर्थिक क्रियाकलाप**

१. कूल आर्थिक क्रियाकलाप दर ७९
२. पुरुषहरुको आर्थिक क्रियाकलाप दर ८१
३. महिलाहरुको आर्थिक क्रियाकलाप दर ८३
४. आर्थिक दृष्टिले क्रियाशील महिला र पुरुषको अनुपात ८५
५. आर्थिक दृष्टिले क्रियाशील युवती-युवकको अनुपात ८७
६. परिवारद्वारा संचालित विभिन्न प्रकारका गैर-कृषि साना व्यवसायहरु ९१
७. गैर-कृषि र कृषिसंग सम्बन्धित आर्थिक व्यवसायमा आर्थिक दृष्टिले क्रियाशील बयस्कहरुको अनुपात ९३

**ग) आधारशिला**

१. आवासीय घरहरुको वितरण ९७
२. शहरी क्षेत्रमा प्रति एक घरमा परिवार संख्या ९९
३. घरको प्रकार अनुसार परिवारको वितरण १०३
४. घरको स्वामित्वको प्रकार अनुसार परिवारको वितरण १०७
५. बत्ती बाल्न परिवारले अक्सर प्रयोग गर्ने उर्जा स्रोतको प्रकार अनुसार परिवारको वितरण १११

**घ) स्वास्थ्य तथा वातावरण**

१. स्वास्थ्य संस्थाहरुको वितरण ११५
२. प्रति स्वास्थ्य संस्थाका लागि जनसंख्या ११७
३. प्रति हजार जनसंख्यामा स्वास्थ्य संस्थाको संख्या ११९

४. गर्भ निरोधका साधनको प्रयोग दर १२१
५. चर्पी प्रयोगको प्रकार अनुसार परिवारको वितरण १२५
६. पिउने पानीको मुख्य स्रोतको प्रकार अनुसार परिवारको वितरण १२९
७. खाना पकाउन अक्सर प्रयोग हुने इन्धनको स्रोतको प्रकार अनुसार परिवारको वितरण १३३

**ङ) शिक्षा**

१. कूल साक्षरता दर १३७
२. पुरुष साक्षरता दर १३९
३. महिला साक्षरता दर १४१
४. प्रौढ साक्षरता दर १४३
५. प्रौढ पुरुष साक्षरता दर १४५
६. प्रौढ महिला साक्षरता दर १४७
७. युवा उमेरका साक्षर महिला-पुरुष अनुपात १४९
८. शैक्षिक तह अनुसार साक्षर जनसंख्या १५३
९. विद्यालय संख्याको वितरण १५५
१०. विद्यालयहरुको संख्या प्रति हजार जनसंख्यामा १५७
११. प्राथमिक विद्यालय संख्या प्रति हजार जनसंख्यामा १५९
१२. निम्न-माध्यमिक विद्यालय संख्या प्रति हजार जनसंख्यामा १६१
१३. माध्यमिक विद्यालय संख्या प्रति हजार जनसंख्यामा १६३
१४. विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या १६५
१५. प्राथमिक विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या १६७
१६. निम्न-माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या १६९
१७. माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या १७१
१८. शिक्षक/शिक्षिका - विद्यालय अनुपात १७३
१९. प्राथमिक तहको शिक्षक/शिक्षिका - विद्यालय अनुपात १७५
२०. निम्न-माध्यमिक तहको शिक्षक/शिक्षिका - विद्यालय अनुपात १७७
२१. माध्यमिक तहको शिक्षक/शिक्षिका - विद्यालय अनुपात १७९
२२. विद्यार्थी - शिक्षक/शिक्षिका अनुपात (सबै तहका विद्यालयहरुमा) १८१
२३. प्राथमिक तहका विद्यालयहरुमा विद्यार्थी - शिक्षक/शिक्षिका अनुपात १८३

२४. निम्न-माध्यमिक तहका विद्यालयहरुमा विद्यार्थी - शिक्षक/शिक्षिका अनुपात १८५
२५. माध्यमिक तहका विद्यालयहरुमा विद्यार्थी - शिक्षक/शिक्षिका अनुपात १८७
२६. प्राथमिक तहमा उपेक्षित, उत्पीडित र दलित विद्यार्थीहरु १८९
२७. सबै तहमा अध्ययनरत छात्राहरुको प्रतिशत १९१
२८. प्राथमिक तहमा अध्ययनरत छात्राहरुको प्रतिशत १९३

**च) बालबालिका**

१. बालबालिकाको आर्थिक क्रियाकलाप दर १९७
२. बालकहरुको आर्थिक क्रियाकिलाप दर १९९
३. बालिकाहरुको आर्थिक क्रियाकलाप दर २०१
४. बाल-विवाह भएका जनसंख्याको समानुपात २०३
५. सौतेनी आमा-बाबुसंग बसेका बालबालिकाहरु २०५
६. अन्य नातेदार वा नाता नपर्ने व्यक्तिहरुसंग बसेका बालबालिकाहरु २०७
७. रोजगारदातासंग बसेका बालबालिकाहरु २०९

**छ) लैङ्गिक**

१. घर, जग्गा, र पाल्तु चौपायामा महिलाको स्वामित्व अनुसार परिवारको वितरण २१३
२. सबै तहका विद्यालयहरुमा शिक्षिकाहरु २१५
३. प्राथमिक तहका विद्यालयहरुमा शिक्षिकाहरुको अनुपात २१७
४. प्रौढ साक्षरतामा लैङ्गिक असन्तुलन २१९
५. विधवाहरुको समानुपात २२१
६. विधुरहरुको समानुपात २२३
७. पारपाचुके र छुट्टिएका व्यक्तिहरुको समानुपात २२५

**ज) कृषि**

१. धान उत्पादन २२९
२. मकै उत्पादन २३१
३. गहूँ उत्पादन २३३

| | | |
|---|---|---|
| ४. | कोदो उत्पादन | २३५ |
| ५. | जौ उत्पादन | २३७ |
| ६. | गाई-भैँसीको संख्या | २३९ |
| ७. | साना चौपायाहरु (बाख्रा-भेडा) को संख्या | २४१ |
| ८. | पाल्तु पंक्षीहरुको संख्या | २४३ |


## खण्ड तीन - प्रवाह सूचकहरू

### जनसंख्या प्रवाह


| | | |
|---|---|---|
| १. | जनसंख्या वितरण | २४९ |
| २. | जनसंख्याको अनुपातिक वितरण | २५१ |
| ३. | जनघनत्व | २५३ |
| ४. | औसत वार्षिक जनसंख्या बृद्धिदर | २५५ |
| ५. | परिवार संख्या | २५७ |
| ६. | परिवारको औसत आकार | २५९ |
| ७. | पुरुष-महिला अनुपात | २६१ |
| ८. | बालबालिका-महिला अनुपात | २६३ |
| ९. | कूल आश्रित अनुपात | २६५ |
| १०. | बालबालिका आश्रित अनुपात | २६७ |
| ११. | बृद्ध-बृद्धाहरुको आश्रित अनुपात | २६९ |
| १२. | पुरुषहरुको विवाह गर्ने सरदर उमेर | २७१ |
| १३. | महिलाहरुको विवाह गर्ने सरदर उमेर | २७३ |
| १४. | शहरी जनसंख्या | २७५ |
| १५. | जिल्लाको जनसंख्यामा शहरी जनसंख्याको प्रतिशत | २७७ |
| १६. | देशको कूल शहरी जनसंख्याको अनुपातिक वितरण | २७९ |
| १७. | शहरी क्षेत्रको पुरुष-महिला अनुपात | २८१ |
| १८. | धर्म अनुसार जनसंख्याको वितरण | २८७ |

**आर्थिक क्रियाकलाप प्रवाह**


| | | |
|---|---|---|
| १. | कूल आर्थिक क्रियाकलाप दर | २९१ |
| २. | पुरुषहरुको आर्थिक क्रियाकलाप दर | २९३ |
| ३. | महिलाहरुको आर्थिक क्रियाकलाप दर | २९५ |


**आधारशिला प्रवाह**


| | | |
|---|---|---|
| १. | घरको प्रकार अनुसार परिवारको वितरण | २९९ |
| २. | घरको स्वामित्वको प्रकार अनुसार परिवारको वितरण | ३०३ |


**शैक्षिक प्रवाह**


| | | |
|---|---|---|
| १. | कूल साक्षरता दर | ३०७ |
| २. | पुरुषहरुको साक्षरता दर | ३०९ |
| ३. | महिलाहरुको साक्षरता दर | ३११ |
| ४. | कूल विद्यालय संख्या | ३१३ |
| ५. | विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या | ३१५ |
| ६. | कूल शिक्षक-शिक्षिका संख्या | ३१७ |
| ७. | शिक्षक/शिक्षिका-विद्यालय अनुपात | ३१९ |
| ८. | विद्यार्थी-शिक्षक/शिक्षिका अनुपात | ३२१ |